नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४, ४२००२९९, ४२००५०५, ४२००२९१

पत्र संख्या :- ०७२/०७३
चलानी नं:- ४०५२

मिति २०७३।३।१६

विषय : लोक सेवा आयोगको प्रतिक चिन्ह सम्बन्धमा ।

श्री आयोग/प्रतिष्ठान/समिति (सबै)
श्री जिल्ला विकास समितिको कार्यालय, ७५ वटै
श्री महा/उप/नगरपालिका, २१७ वटै
सिंहदरबार ।

लोक सेवा आयोगको ६६ औँ वार्षिकोत्सवको अवसरमा २०७३।०३।०१ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सार्वजनिकीकरण भएको संलग्न बमोजिमको लोक सेवा आयोगको प्रतिक चिन्ह (लोगो) र लोगोको व्याख्या संलग्न गरी लोक सेवा आयोगको च.नं.१४२७ मिति २०७३।३।१२ को लेखिआएकोले तहाँको जानकारी तथा आवश्यक कार्यार्थका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ
श्री लोक सेवा आयोग(प्रशासन शाखा) : तहाँको च.नं.१४२७ मिति २०७३।३।१२ को पत्रका सम्बन्धमा ।
श्री सूचना तथा विद्युतीय शासन शाखा: Website मा सूचना प्रकाशन गरिदिनु हुन ।

# लोक सेवा आयोग
## प्रशासन शाखा

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्याः प्र. ०७२/७३

चलानी संख्याः 1426

मितिः- २०७३।०३।१२

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।

श्री ~~संघीय मामिला तथा स्थानीय विकास~~ मन्त्रालय/~~आयोग~~/~~सचिवालय~~/~~कार्यालय~~ । सिंहदरबार

विषयः- लोक सेवा आयोगको प्रतीक चिन्ह सम्बन्धमा ।

यस आयोगको ६६ औं बार्षिकोत्सवको अवसरमा २०७३।०३।०१ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सार्वजनीकीकरण भएको संलग्न बमोजिमको लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो) र लोगोको व्याख्या तहाँको जानकारी तथा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(प्रेम कुमार पोखरेल)
शाखा अधिकृत

☎ ४७७१४९२, फ्याक्स : ९७७-०१-४७७१४९० । Website:- www.psc.gov.np, E-Mail:- info@psc.gov.np

## अनुसूची – १

### लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो)

## अनुसूची – २

## लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो) को व्याख्या

१) आकार : यो प्रतीक चिन्ह गोलाकार रहेको छ ।

२) संस्थाको नाम: पहिलो गोलाकारभित्र माथि नेपालीमा लोक सेवा आयोग र तल अंग्रेजीमा Public Service Commission, Nepal लेखिएको छ ।

३) दोस्रो (भित्री) गोलाकारभित्र मुख्य प्रतीक चिन्ह रहेको छ । (अग्र भाग, Front face)

- प्रतीक चिन्हको सबैभन्दा माथि नेपालको झण्डा रहेको छ । जसले यो प्रतीक चिन्ह नेपाल देशको हो र उक्त देशभित्र रहेको संस्था लोक सेवा आयोग हो भन्ने कुरा प्रष्ट बनाउँदछ ।
- झण्डाको ठीक मुनिको प्रतीक दाँयाबाँया अर्धमुदित नयन रहेको छ । यसले यस संस्थाले गर्ने कार्य निष्पक्ष र बौद्धिक हुन्छ भन्ने कुरा देखाउँछ ।
- तीन तीनवटा पत्र दायाँ र बाँया खुल्ला भएको फिक्का निलो रंगको प्रतीकले
  - लोक सेवा आयोगले गर्ने मुख्य तीन कार्यहरू स्पष्ट गर्दछ जस्तैः विज्ञापन प्रकाशित गर्नु, परीक्षा संचालन गर्नु र सिफारिस गर्ने कार्यलाई प्रतिनिधित्व गर्दछ र यो एक फक्रेको फूलको रूपमा रहेको छ ।
  - यस प्रतीकलाई खुला किताबको रूपमा ज्ञान आर्जन गर्ने मुख्य साधन र यसबाट आर्जित ज्ञान नै परीक्षार्थीहरूले परीक्षाको समयमा स्वस्फूर्तरूपमा ब्यक्त गर्ने गर्दछन् भन्ने भावनालाई व्यक्त गर्दछ ।
- प्रतीकभित्रको कालो रंगको तीनपाटा (तीनतिर फर्केको) भएको पिरामिड आकारको प्रतीक चिन्ह रहेको छ र यसमा तीनपाटाले लोक सेवा आयोगले विज्ञापन मार्फत् आव्हान गर्ने कार्यक्षमता एवं कार्यदक्षता बढुवा (फाईल बढुवा), आन्तरिक प्रतियोगिता र खुला प्रतिस्पर्धा मार्फत् योग्य उम्मेदवारलाई माथिल्लो दर्जामा पुग्न योग्यता परीक्षण सम्वन्धी कार्य गर्दछ । प्रतीकले विना योग्यता उक्त कुरा प्राप्ति हुँदैन भन्ने व्याख्या गर्दछ ।
- पिरामिड आकारको प्रतीक चिन्हभित्र छवटा खुट्किलोको आकार तानिएका छन् । छ वटा धर्काको अर्थ लोक सेवा आयोगले विज्ञापन गर्ने प्राविधिक एवं अप्राविधिक तर्फका ६ श्रेणी (श्रेणी बिहिन, खरिदार वा सो सरह, नायब सुब्बा वा सोरह, शाखा अधिकृत वा सो सरह, उपसचिव वा सो सरह र सहसचिव वा सो सरह) समावेश गरिएको छ । श्रेणी विभाजनको जानकारी एक सोपानको रूपले प्रस्तुत गर्दछ ।
- पिरामिड आकारको प्रतीक चिन्हमाथि चुरा लगाएको महिलाको हात र पुरूषको हात प्रतीक चिन्हमा रहेको छ । चुरा लगाएको हातले महिला र खाली रहेको हातले पुरूष जनाउँदछ र यसले लोक सेवा आयोगको मुख्य कार्य (परीक्षा प्रणाली) मा सहभागी हुने उम्मेदवारहरूको समावेशीतालाई व्यक्त गर्दछ ।
- महिला र पुरूषको हातमा रहको बलेको दियो आकारको प्रतीक रहेको छ । यस प्रतीकले चौतर्फि ज्ञानको ज्योति छर्ने भन्ने अर्थ राख्दछ ।
- बलेको दियोमा ज्वालाको रूपमा रहेको कलमको निब आकारको प्रतीक चिन्हले परीक्षार्थीले आर्जन गरेको ज्ञान व्यक्त गर्ने साधनको रूपमा दर्शाएको छ ।

४) बुँदा नं. ३ को प्रतीक चिन्हको पछाडि रहने प्रतीकहरू (पृष्ठभागमा, Background)

- सबभन्दा माथि सफा निलो आकाश राखिएको छ । यो स्वच्छताको प्रतीक हो ।
- निलो आकाशको प्रतीकको मुनि क्रमशः हिमाल, पहाड र तराई मधेसको प्रतीकको रूपमा हिमालको आकार दिइएको सेतो रंग, पहाडको आकार दिइएको हरियो रंग र तराई मधेस चिनिने सुनौलो रंग राखिएका छन् ।

५) अन्त्यमा लोक सेवा आयोगको आधारभूत तीन शब्दहरू योग्यता, निष्पक्षता, स्वच्छतालाई अर्ध गोलाकार रूपमा राखिएको छ ।

**माथि उल्लेख गरिएका प्रतीक र शब्दहरू बीचको समायोजन र तालमेलबाट बनेको प्रतीक चिन्हले लोक सेवा आयोगले गर्ने कार्य, यस संस्था प्रतिको जनमानसमा रहेको विश्वास र समग्ररूपमा यस संस्थालाई समेटद्छ ।**